घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

पत्र संख्याः २०८१/०८२
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

## प्राविधिक सेवा उपलब्ध गराउने प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८१।१२।१५ गते

यस घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा जडान भएको विद्युत लाईनहरुलाई दुरुस्त राख्ने कार्य गर्न, गाउँपालिकाको स्वामित्वको सडक बत्तीहरु दुरुस्त राख्ने साथै गाउँपालिकाले जडान गरेको सी.सी.टी.भी.हरुलाई दुरुस्त राख्ने कार्य सम्बन्धी सेवा लिने सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अनुसार ईच्छुक तालिम प्राप्त नेपाली नागरिक वा सम्बन्धित सेवा उपलब्ध गराउने उद्देश्यका साथ दर्ता भएको संस्थाले सेवा दिन सक्ने मासिक अधिकतम् शुल्क तोकी १५ दिन भित्र गोप्य प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

प्रस्ताव सँग पेश गर्नु पर्ने कागजातहरु :-

१) नागरिकताको प्रमाण-पत्र

२) स्थायी लेखा नम्बर

३) सेवा सम्बन्धी अनुभव तथा तालिम सम्बन्धी प्रमाण-पत्र

४) संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र

५) कर चुक्ता पत्र

दररेट प्रस्तावको फारम कार्यालयमा नगद तिरी वा यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं.०६८०३०००००२००२००००००१ मा रु.३००।- दस्तुर तिरी खरिद गर्न सकिने छ । प्रस्ताव पेश गर्दा दस्तुर तिरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ साथै रितपूर्वक पेश भएका प्रस्तावहरु मात्र मान्य हुनेछ ।

०८१।१२।१५

.................................

**प्रमुख प्रशासकीय अधिकृत**

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

मिति :- २०८१।१२।......

## विषय :- गोप्य दररेटको प्रस्ताव पेश गरेको ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८१।१२।१५ गते प्रकाशित सूचना बमोजिम मैले/संस्थाको नाम : .......................................... ले तहाँ गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरमा साथै गाउँपालिकाको स्वामित्वमा सडकमा जडान भएको सडक बत्तीहरु र सी.सी.टी.भी.हरुको नियमित सुचारु राख्ने सेवा उपलब्ध गराउन ईच्छुक भई यो गोप्य प्रस्ताव पेश गरेको छु ।

**उपलब्ध गराउने सेवाहरु :-**

१) गाउँ कार्यपालिकाको कार्यालय, ५ वटा वडा कार्यालयहरु र ४ वडा स्वास्थ्य संस्थाहरुमा जडान भएको बिजुली लाईनको रेखदेख तथा मर्मत संभार गर्ने कार्य ।

२) गाउँपालिकाले जडान गरेका सी.सी.टी.भी. हरुलाई दुरुस्त राख्ने र मर्मत गर्ने सम्बन्धी कार्य ।

३) गाउँपालिकाको स्वामित्वको बिजुली तथा ईन्टरनेट उपकरणको साधारण मर्मत संभार गर्ने कार्य ।

४) उपलब्ध गराउन सकिने अन्य सेवा भए उल्लेख गर्ने : ..........................................................
.......................................................................................................................... ।

**प्रस्ताव पेश गरेको दररेटको विवरण :-**

| क.सं. | उपलब्ध गराउने सेवाको विवरण | प्रस्ताव गरिएको मासिक सेवा सुविधाको अधिकतम् शुल्क | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| | जम्मा | | |